Ohio | Department of Medicaid

22 मार्च, 2019

**प्रिय Medicaid उपभोक्ता,**

ओहायो मेडिकेडले इलेक्ट्रोनिक माध्यमले भिजिटको पुष्टि गर्ने (EVV) कहलाइने हालमा अस्तित्वमा रहेको कार्यक्रम अन्तर्गत कतिपय सेवाहरू (संलग्न तालिका हेर्नुहोस्)-लाई थपिरहेछ। हामीसित उपलब्ध विवरणहरूअनुसार तपाईंले यी सेवाहरूमध्ये कतिपय सेवाहरूलाई प्राप्त गरिरहनु भएको छ। EVV-ले यी सेवाहरू कहिले सुरू भए अनि कहिले समाप्त भए, त्यसको हिसाबकिताब राख्नेछ। यसले तपाईंले उपयोग गर्नुभएका सेवाहरूको लागि तपाईंका सेवा प्रदायकहरूलाई भुक्तानी गर्नमा मेडिकेडलाई मद्दत पुर्‍याउनेछ। यदि तपाईंले निम्न भुक्तानकर्त्ताहरू मार्फत बिल पठाइने पात्रतायुक्त EVV सेवाहरू प्राप्त गरिरहनु भएको छ भने, तपाईंलाई यस कार्यक्रममा सामेल गरिनेछ: ओहायो मेडिकेड विभाग (ODM), ओहायो विकासात्मक अक्षमता विभाग (DODD), ओहायो वृद्धावस्था विभाग (ODA) अथवा प्रबन्धित स्वास्थ्य सेवा योजनाहरू।

तपाईंसित आफ्नो घरमा एउटा सानो उपकरण हुन्छ जसको उपयोगद्वारा तपाईंका सेवा प्रदाताले ऊ आएको र गएको समयलाई प्रविष्ट गराउँछ। यो उपकरण स्मार्टफोन जस्तै देखिन्छ, तर यसका क्यामेराहरूलाई पूर्णतः काम नगर्ने पारिएको हुन्छ। यसको माइक्रोफोनको उपयोग, प्रदान गरिएको सेवाको आवाजद्धारा पुष्टि गर्नको लागि मात्रै गरिन्छ।

तपाईं जतासुकै हुनुभए तापनि तपाईंका स्वास्थ्य सेवा प्रदाताहरूले EVV उपकरणको उपयोग गर्न सक्नेछन्। सेवा प्रदान गर्न जब तपाईंका सेवा प्रदाताहरू आउँछन् तब उनीहरूले आगमनको समयलाई उपकरणमा प्रविष्ट गराउने छन्। तपाईंलाई दिनुपर्ने सेवाहरू समाप्त गरेपछि तपाईंका सेवा प्रदाताहरूले प्रस्थानको समयलाई प्रविष्ट गराउने छन्। यदि तपाईंले आफ्नो घरदेखि बाहिर सेवाहरू प्राप्त गरिरहनु भएको छ भने, तपाईंले आफ्नो EVV उपकरणलाई आफूसित लैजान सक्नुहुनेछ।

EVV सेवा तपाईंको अनि तपाईंका सेवा प्रदाता(हरू)-को लागि निःशुल्क उपलब्ध छ। सेवा प्रदाताहरूले 6 मई, 2019-देखि प्रशिक्षण सुरू गर्न सक्छन् तथा प्रशिक्षण समाप्त हुनेबित्तिकै EVV-को उपयोग गर्न सक्नेछन्। EVV-को उपयोग निम्ति तपाईंका सेवा प्रदाता जिम्मेवार हुनेछन्। तपाईंका सेवा प्रदाताले उपकरणको लागि अनुरोध गर्नेछन् अनि तपाईंले यसलाई मेल मार्फत प्राप्त गर्नुहुनेछ। EVV-को लागि तपाईंका सेवा प्रदातालाई जब उपकरणको खाँचो पर्दैन, तब तपाईंले उपकरणलाई वापस फर्काउनको लागि मेलद्वारा एउटा लिफाफा प्राप्त गर्नुहुनेछ अनि यस प्रक्रियाको लागि तपाईंलाई कुनै खर्च लाग्दैन। प्रक्रियालाई सरल साथै सहज बनाइएको छ।

अधिक जानकारीको लागि, कृपया http://medicaid.ohio.gov/EVV हेर्नुहोस्, जहाँ तपाईंले EVV-को बारेमा पटक पटक सोधिने प्रश्नहरू पढ्न सक्नुहुन्छ साथै यसबारे एक भीडियो हेर्न सक्नुहुन्छ। त्यहाँ EVV-सित सम्बद्ध थप स्रोतहरू पनि पाउन सकिन्छ।

यदि तपाईंसित कुनै प्रश्नहरू छन् भने, कृपया आफ्ना सेवा प्रदायकहरूसित, अनि छ भने, आफ्ना मामिला प्रबन्धकसित कुराकानी गर्नुहोस्। तपाईंले मेडिकेड उपभोक्ता हटलाइन 1-800-324-8680-मा फोन पनि गर्न सक्नुहुन्छ।

भवदीय,

ओहायो मेडिकेड विभाग

50 W. Town Street, Suite 400
Columbus, Ohio 43215
medicaid.ohio.gov

An Equal Opportunity Employer and Service Provider

## चरण 1 सेवाहरू

8 जनवरी, 2018-देखि कार्यान्वित

तपाईंले भुक्तानी नगर्नुपर्ने सेवा निम्ति सेवाहरूको EVV कार्यक्रम अन्तर्गत बिलहरू सोझै मेडिकेडलाई पठाइन्छन्:

- घरमा स्वास्थ्य सेवा सहायतासम्बन्धी राज्य योजना
- घरमा स्वास्थ्यसम्बन्धी नर्सिङ्ग सेवा निम्ति राज्य योजना
- राज्य योजना RN (पञ्जीकृत नर्स) मूल्याङ्कन
- ओहायो घरमा स्वास्थ्य सेवामा छूट (OHCW)-सित सम्बद्ध नर्सिङ्ग
- OHCW व्यक्तिगत स्वास्थ्य सेवा सहायता
- OHCW घरमा सेवा निम्ति परिचारक
- OHCW RN मूल्याङ्कन
- निजी ड्यूटीसम्बन्धी नर्सिङ्ग (PDN)

## चरण 2 सेवाहरू

5 अगस्ट, 2019-देखि सबै सेवा प्रदायकहरूले EVV भिजिटहरूलाई प्रविष्ट गराउनुपर्छ

निम्न भुक्तानकर्त्ताहरू निम्ति EVV कार्यक्रम:

मेडिकेड-लाई बिल पठाउने **प्रबन्धित सेवा सङ्गठनहरू** (एट्ना, युनाइटेड हेल्थकेयर, मोलिना, सेन्टेन, प्यरामाउन्ट तथा केयरसोर्स)। **प्रबन्धित सेवा** अन्तर्गत EVV कार्यान्वयन निम्न सेवाहरूको लागि लागू हुनेछ:

- घरमा स्वास्थ्य सेवा सहायतासम्बन्धी राज्य योजना
- घरमा स्वास्थ्यसम्बन्धी नर्सिङ्ग सेवा निम्ति राज्य योजना
- राज्य योजना RN (पञ्जीकृत नर्स) मूल्याङ्कन
- नर्सिङ्ग सेवा निम्ति HCBS 1915c छूट
- व्यक्तिगत स्वास्थ्य सेवा सहायता निम्ति HCBS 1915c छूट
- घरमा सेवा निम्ति परिचारक HCBS 1915c छूट
- निजी ड्यूटीसम्बन्धी नर्सिङ्ग (PDN)

**ओहायो वृद्धावस्था विभाग (ODA):**

- PASSPORT- घरमा सेवा पुऱ्याउने परिचारक नर्सिङ्ग
- PASSPORT- घरमा सेवा पुऱ्याउने परिचारक व्यक्तिगत सेवा
- PASSPORT- व्यक्तिगत सेवा
- PASSPORT- नर्सिङ्ग छूट LPN
- PASSPORT- नर्सिङ्ग छूट RN

**स्व-निर्देशित सेवाहरूलाई चरण 2-मा सामेल गरिएका छैनन्

**ओहायो विकासात्मक अक्षमता विभाग (DODD)**:

- व्यक्तिगत विकल्पहरू (IO) नर्सिङ्ग छूट
- IO/तह 1 होममेकर (गृहिणी)/व्यक्तिगत सेवा (HPC)

**अपवादहरू:**

- सहभागी-निर्देशित सेवाहरूको लागि लागू हुनेछैन
- HPC-को घटनास्थल/सेवा निम्ति डाकिएको हिस्साहरूको लागि लागू हुनेछैन, दिनहूँ बिल पठाउने एकांश (DBU)-को उपयोगद्वारा बिल पठाइने सेवाहरूको लागि लागू हुनेछैन

Ohio | Department of Medicaid

| यो पत्रको अनुवाद गरिएको संस्करण निम्ति, कृपया निम्न साइट हेर्नुहोस्: | |
|---|---|
| Para la versión traducida de esta carta, visite: | 如需本函件的翻译版本，请访问: |
| للحصول على نسخة مترجمة من هذه الرسالة، يرجى زيارة: | Wixii nooca fasiran ee warqadaan, fadlan booqo: |
| С переводом этого письма можно ознакомиться по ссылке: | Pour une version traduite de cette lettre, veuillez cliquer sur : |
| Ili kupata toleo la tafsiri ya barua hii, tafadhali tembelea: | Để xem bản dịch thư này, vui lòng truy cập: |
| Prevedenu verziju ovog pisma potražite na adresi: | Ko larni ɗerewol ndu je lornama, useni ngile: |
| For a translated version of this letter, please visit the link below: | इस पत्र के अनुवादित संस्करण के लिए, कृपया यहाँ विज़िट करें: |
| https://www.medicaid.ohio.gov/INITIATIVES/Electronic-Visit-Verification | |